# बुद्धशान्ति राजपत्र

बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८)बुधवारे, झापा, कोशी प्रदेश, नेपाल, पौष २३, २०८१ साल (संख्या४

# भाग-२

स्थानीय सरकार

## बुद्धशान्ति गाउँपालिका

बुधवारे, झापा

## बुद्धशान्ति गाउँपालिकाको सूचना

बुद्धशान्ति गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको बुद्धशान्ति गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८१ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्बत् २०८१ सालको कार्यविधि नं. १

# कर्मचारी कल्याण कोष संचालन कार्यविधि

**प्रस्तावनाः** यस बुद्धशान्ति गाँउपालिकामा कार्यरत साविक स्थानीय निकायमा स्थायी नियुक्ति भइ हाल स्थानीय तहमा समायोजन भइ कार्यरत रहेका कर्मचारीहरको हित अभिवृद्धि गर्न, सेवा प्रवाह प्रति उत्तरदायी बनाउन बुद्धशान्ति गाँउपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा सुनिश्चतताका लागि उल्लेखित बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी तथा निजको परिवारको कल्याणका लागि कल्याणकारी कोष स्थापना गरी संचालन गर्न बाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम बुद्धशान्ति गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि बुद्धशान्ति गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाँउपालिका" भन्नाले बुद्धशान्ति गाँउपालिका बुधवारे, झापालाई सम्झनुपर्दछ।

(ख) "सभा" भन्नाले बुद्धशान्ति गाँउपालिकाको गाँउसभालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाँउपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले बुद्धशान्ति गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले बुद्धशान्ति गाँउपालिकाको उपाध्यक्षलाई भन्ने सम्झनुपर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धशान्ति गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ ।

(छ) "कर्मचारी" भन्नाले बुद्धशान्ति गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयमा कार्यरत साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाइ हाल सम्म कार्यरत कर्मचारीहरु तथा अन्य स्थानीय निकायबाट समायोजन भइ आएका साविक स्थानीय निकायका कर्मचारीहरुलाइ सम्झनुपर्दछ।

(ज) "कोष" भन्नाले संघीयता लागु हुँनु पूर्व नै स्थानीय स्वायत्त शासान

नियमावली, २०५६ को नियम २६५ बमोजिम कर्मचारी कल्याण कोष स्थापना भई हाल विविध खर्च खाता अन्तरगत रहेको कर्मचारी कल्याण कोषलाई सम्झनुपर्दछ।

(झ) "अवकाश भुक्तानी" भन्नाले कर्मचारी अवकाश भए पश्चात नियमानुसार पाउने उपदान तथा संचित विदा र औषधि उपचार खर्च लगायतका भुक्तानी सम्झनुपर्दछ र सो शव्दले कर्मचारी वहाल रहेको अवस्थामा मृत्यु भइ निजको परिवारलाई भुक्तानी गरिने रकम समेतलाई जनाउदछ ।

## परिच्छेद -२

## <u>कोष स्थापना र सञ्चालन सम्बन्धि व्यवस्था</u>

३. **<u>कोषको उद्देश्यः</u>** कर्मचारी कल्याण कोष स्थापनाको उद्देश्यहरु निम्न वमोजिम रहेकोछ,-

(क) कर्मचारीको हकहित स्थापित गरी कर्मचारीलाई सेवा प्रति थप उत्तरदायी वनाई सेवा प्रवाहमा प्रभावकारीता ल्याउने ।

(ख) सेवा अवधिमा हुने दुर्घटनाबाट हुने क्षतिमा राहत उपलव्ध गराउने।

(ग) कर्मचारीहरुको अवकाश भुक्तानी सुनिश्चित गर्ने ।

४. **संचालक समितिको गठनः** कोष सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी एक संचालक समिति रहनेछ ।

(क) गाँउपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाँउपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) कर्मचारी प्रशासन शाखा प्रमुख -सदस्य सचिव

५. **<u>कोषको व्यवस्थापन र संचालन सम्बन्धी व्यवस्थाः</u>** (१) प्रत्येक आर्थिक वर्षको गाँउसभाबाट कर्मचारी कल्याण कोषका लागि विनियोजित रकम कार्यालयको विविध खर्च खाता अन्तरगतको कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) कोषमा सञ्चित रकम कर्मचारी अवकाश हुँदाका वखत निजले पाउने अवकाश भुक्तानी र कामको सिलसिलामा दुर्घटनामा परी घाइते वा अङ्गभङ्ग भएको वा जटिल प्रकृतिका रोग लागेकोमा उपचार गराउदा लाग्ने कार्यपालिकाको निर्णय अनुसार उपलव्ध हुने उपचार खर्च बाहेक अन्य कुनै पनि काममा खर्च गर्न पाइने छैन ।

(३) कोषमा जम्मा भएको रकम प्रत्येक आर्थिक वर्षको अन्त्यमा खर्च नभए पछिल्लो आर्थिक वर्षमा स्वतः जिम्मेवारी सर्नेछ ।

(४) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

६. **कोषबाट खर्च हुने रकम** (१) कोषमा जम्मा भएको रकमबाट नेपाल सरकारले तोके बमोजिम जटिल प्रकृतिका रोग लागि वा कार्यालयको कामको सिलसिलामा दुर्घटनामा परी औषधि उपचार गर्नु परेमा वा सेवामा वहाल रहेको अवस्थामा कर्मचारीको मृत्यु भएमा वा उमेर हदको कारणले कर्मचारी सेवाबाट अवकाश भएमा कर्मचारीहरुका लागि अनुसूची १ बमोजिमको रकम एकमुष्ट उपलव्ध गराइनेछ

(२) कर्मचारीले पाउने सेवा सुविधा भूक्तानी हुँदा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानून बमोजिम कट्टा हुने करहरु कट्टा गरी बाँकी रकम मात्र भूक्तानी हुनेछ ।

(३) कर्मचारी कल्याण कोषबाट सुविधा प्राप्त गर्ने स्थायी कर्मचारीले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० वा प्रचलित कानून विपरित कार्य गरेको मनासिव कारणले कार्यालयबाट बर्खास्त भएमा यस कार्यविधि बमोजिम पाउने कुनै सेवा सुविधा पाउने छैन ।

(४) कुनै निकायमा प्रचलित कानून बमोजिम नियुक्ति भइ राज्य पुन संरचना पश्चात कर्मचारी व्यवस्थापन

समितिको निर्णय बमोजिम खटाइएका कर्मचारीहरुको हकमा साविकको कार्यालयमा भएको नियुक्ति मितिलाइ नै सुरु नियुक्ति मानिनेछ ।

(५) कर्मचारीहरुलाई कुनै पनि सेवा सुविधा दोहोरो पर्ने गरी भुक्तानी गरिने छैन । यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७. **भूक्तानी प्रक्रियाः** (१) कर्मचारी अवकास भएपछि सुरु नियुक्त पत्र, हालको पदको नियुक्ति पत्र र अवकाश पत्रको प्रतिलिपि संलग्न गरी सम्बन्धित कर्मचारीले गाउँपालिकाको कार्यालयमा लिखित निवेदन दिनु पर्नेछ ।

(२) कर्मचारीको मृत्यु भएमा वा असक्त भइ पदमुक्त भएमा निजको हकदारले नाता प्रमाणित सहित उपदफा (१) अनुसारका कागजातहरु संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

(३) कुनै घातक रोग लागि अवकास भएको खण्डमा रोगसँग सम्बन्धित विशेषज्ञ डाक्टरले रोग प्रमाणित गरेको कागजात वा नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डको सिफारिस पत्र समेत संलग्न राख्नु पर्नेछ ।

(४) कार्यालयको कामको सिलसिलमा स्थायी कर्मचारी दुर्घटनामा परी घाइते भइ औषधि उपचार खर्च उपलव्ध गराउनु पर्ने अवस्था भएमा प्रहरी सर्जीमिन मुचुल्काको आधार र उपचारमा लागेको खर्च र कोषको अवस्थालाइ समेत मध्यनजर गर्दै आवश्यक जाँचबुझ गरी अनुसुचि १ बमोजिम निजले पाउने औषधि उपचार खर्चबाट कट्टा हुने गरी सापटी स्वरुप उपलव्ध गराइनेछ। उक्त सापटी रकम अवकाश हुँदाका बखत निजले पाउने औषधी उपचार खर्चबाट कट्टा गरी बाँकी रकम मात्र भूक्तानी गरिनेछ ।

## परिच्छेद -३

## विविध

८. **कार्यविधि कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व**

(१) गाउँसभाबाट प्रत्येक वर्ष कोषमा विनियोजित रकमको हिसाव किताव दुरुस्त राखि कोष दुरुस्त राख्ने दायित्व आर्थिक प्रशासन शाखा प्रमुखको दायित्व हुनेछ । प्रत्येक आर्थिक वर्ष अनिवार्य अवकाश हुने कर्मचारीको विवरण दुरुस्त राख्ने दायित्व कर्मचारी प्रशासन शाखा प्रमुखको हुनेछ ।

(२) कर्मचारी कल्याण कोषबाट रकम भूक्तानी मागदावी गर्न तथ्य प्रमाण उपलव्ध गराउनु सम्बन्धित कर्मचारीको दायित्व हुनेछ ।

९. **स्वतः अमान्य हुने:** कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित संघीय र प्रादेशिक कानूनसँग बाझिएको भएमा बाझिएको हदसम्म अमान्य वा वदर हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउ, खारेजी र वचाउः** यो कार्यविधि लागु हुनु भन्दा अघि कोषबाट भएका खर्चहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । कार्यविधिमा उल्लेखित कुनै कुरामा द्विविधा भइ व्यवधान उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूचि - १

## दफा ६ सँग सम्बन्धित

## स्थायी कर्मचारीहरुले अवकास पश्चात पाउने सेवासुविधाको विवरण

साविक स्थानीय निकायमा स्थायी भइ समायोजन पश्चात हाल स्थानीय तहमा कार्यरत कर्मचारीहरुले संचित विदा तथा उपदान खर्च कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५६ को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० बमोजिम निम्नानुसार सुविधा पाउनेछः

(१) निजामती सेवा नियमावली, २०५० (पन्ध्रौ संशोधन, २०७६) को नियम ५७ को उपनियम (४) र (५) बमोजिम संचित घर बिदाको सुविधा वापत आफुले काम गरेको आखिरी महिनाको तलब बराबरको रकम बचत भएको बिदालाइ मासिक गणना गरी भूक्तानी हुनेछ ।

(२) निजामती सेवा नियमावली, २०५० (पन्ध्रौ संशोधन, २०७६) को नियम ५८ को उपनियम (६) र (७)

बमोजिम बमोजिम संचित बिरामी बिदाको सुविधा वापत आफुले काम गरेको आखिरी महिनाको तलब बराबरको रकम बचत भएको बिदालाइ मासिक गणना गरी भूक्तानी हुनेछ

(३) निजामती सेवा नियमावली, २०५० (पन्ध्रौ संशोधन, २०७६) को नियम ९४ को उपनियम (१) तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४९ को उपदफा (१) र (२) अनुसार उपचार खर्च प्राप्त गर्नेछ ।

(४) निजामती सेवा नियमावली, २०५० (पन्ध्रौ संशोधन, २०७६) को नियम ९८ को उपनियम (१) अनुसार स्थानीय तहको स्थायी कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना परी तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको पत्नि वा पतिलाइ थप उपदानको रुपमा मृतक कर्मचारीले खाइपाइ आएको तलबको ३ महिनाको रकम एकमुष्ठ दिइने छ । मृतकको पति वा पत्निको आफूभन्दा पहिला नै मृत्यु भएको रहेछ भने निजको १८ वर्ष नपुगेको सन्तति (छोरा वा

छोरी) मध्ये कुनै एक जनालाइ निजसँगको नाता प्रमाणितका आधारमा उपलव्ध गराइनेछ ।

(५) कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५६ को उपदफा (१) बमोजिम स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुको लागि पाउने एकमुष्ठ सुविधा (उपदान) निम्न अनुसार हुनेछ ।

(क) पाँच बर्ष देखि दश बर्षसम्म सेवा गरेका कर्मचारीहरुले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी महिनामा खाइपाइ आएको आधा महिनाको तलब बराबरको रकम।

(ख) दश बर्ष देखि पन्ध्र बर्षसम्म सेवा गरेका कर्मचारीहरुले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी महिनामा खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम।

(ग) पन्ध्र बर्ष देखि बीस बर्षसम्म सेवा गरेका कर्मचारीहरुले आफुले काम गरेको प्रत्येक

वर्षको निमित्त आखिरि महिनामा खाइपाइ आएको डेढ महिनाको तलब बराबरको रकम।

(घ) बीस बर्ष देखि पच्चीस बर्षसम्म सेवा गरेका कर्मचारीहरुले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी महिनामा खाइपाइ आएको दुई महिनाको तलब बराबरको रकम।

(ङ) पच्चीस बर्ष भन्दा माथि सेवा गरेका कर्मचारीहरुले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी महिनामा खाइपाइ आएको अढाई महिनाको तलब बराबरको रकम ।

**स्पष्टिकरणः** आखिरी तलब भन्नाले सम्बन्धित कर्मचारीको अवकाश प्राप्त गर्ने वखत निजले पाउने तलव र ग्रेड समेतलाई६ जनाउछ । त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै कर्मचारी असाधारण बिदा वा निलम्बनमा

रहेको भए त्यस्तो अवधिको निमित्त आफुले पकाएको ग्रेड र तलबको हिसाब गरिनेछ ।

कार्यपालिकाबाट स्वीकृत मितिः

आज्ञाले,

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत